| विधेयक संख्या :- | ....... |
| --- | --- |

**धार्चे गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण विधेयक २०७६, पहिलो संशोधन**

| कार्यपालिकामा पेश गरिएको मिति :- | |
| --- | --- |

धार्चे गाउँपालिका

# धार्चे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यलय,
# माछीखोला, गोरखा गण्डकी प्रदेश

# धार्चे गाउँपालिकाको

# स्थानीय राजपत्र

## भाग - १

## धार्चे गाउँपालिकाको, गोरखा

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धार्चे गाउँपालिकाकोबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन प्रकाशन गरिएको छ ।**

## व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०७६,पहिलो संशोधन

## कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०७/२२

**प्रस्तावना :**

धार्चे गाउँपालिका क्षेत्र भित्र सञ्चालित एवम् सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिलाई कानूनी दायरामा ल्याउन, व्यवसाय सञ्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत वृद्धि गर्न, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रबर्द्धन गरी उपभोक्ता हित संरक्षण गर्न साथै उद्योग, कृषि, पशुपन्छी जन्य वस्तुहरूको उत्पादन वृद्धि, बजारिकरण, व्यवसायीकरणको माध्यमबाट आर्थिक विकास र समृद्धि हासिल गर्न नेपालको संविधान र स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई दिएको अधिकार क्षेत्र भित्र रही **"व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७६"** तयार गरी लागु गरिएको छ।

### परिच्छेद १

### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

१. यो कार्यविधिको नामः **"व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७६"** हुनेछ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि तुरुन्त लागू हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. **"कार्यालय"** भन्नाले धार्चे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय माछीखोला, गोरखालाई सम्झनु पर्नेछ ।

२. **"बडा कार्यालय"** भन्नाले धार्चे गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरूलाई सम्झनु पर्नेछ ।

३. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले धार्चे गाउँपालिका, गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

४. **"व्यवसाय"** भन्नाले मुनाफा कमाउने उद्देश्यले दफा ४ बमोजिम विषयगत क्षेत्रका आर्थिक क्रियाकलापहरु सम्झनु पर्नेछ।

५. **"व्यवसायी"** भन्नाले धार्चे गाउँपालिका क्षेत्र भित्र व्यवसाय गर्ने व्यक्ति, संस्थाहरूलाई सम्झनु पर्नेछ ।

६. **"कर"** भन्नाले गाउँपालिकासं सम्बन्धित प्रचलित ऐन, नियमावली र यो कार्यविधि बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोबार क्षेत्रगत एवम् व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसायकरलाई सम्झिनु पर्छ र यो शब्दले व्यबसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर, दर्ता, जरिवाना समेतलाई जनाउँछ ।

७. **"कर दाता"** भन्नाले दफा ४ बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्ति, फर्म वा संघ/संस्थालाई सम्झिनु पर्छ ।

८. **क्षेत्रः** यस धार्चे गाउँपालिका क्षेत्र भित्रका व्यवसायहरूलाई यस कार्यविधिले समेट्नेछ।

**३) व्यवसाय दर्ता तथा मापदण्ड**

(१) गाउँपालिका क्षेत्र भित्र कुनै पनि व्यवसाय सञ्चालन गर्नु अघि यस कार्य विधि बमोजिम व्यवसाय दर्ता गर्नु पर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएपनि यो कार्यविधि लागु हुनु अघि दर्ता प्रकृयामा व्यवसाय दर्ता भएका व्यवसायलाई यसै कार्यविधि अनुसार मान्य हुनेछ ।

(३) व्यवसाय सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४) **व्यवसायका विषयगत क्षेत्रः** विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरू पर्नेछन्।

क) दैनिक उपभोग्य सामाग्रीहरु खाद्यन्न, थोक तथा खुद्रा पसल

ख) होटल व्यवसाय

ग) कृषि तथा पशुपन्छी फर्म नर्सरी फर्म /

घ) औषधी पसल/एग्रोभेट

ङ) बधशाला/मासु पसल/फलफुल/तरकारी

च) कानून व्यवसाय/ अनुसन्धान दर्ता परामर्श सेवा

छ) ड्राइभिङ्ग इन्सिच्युट/वर्कशप

## परिच्छेद २

## व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी व्यवस्था

**५) व्यवसाय दर्ताः**

१. **व्यवसाय दर्ता गर्नु पर्नेः** व्यवसाय सञ्चालन गर्दा अनिवार्य दर्ता गर्नु पर्नेछ।

**६) दर्ताका लागि आवश्यक कागजात तथा प्रमाणपत्र**

(१) व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरू सहित अनुसूची (१) बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ।

क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

ख) व्यवसाय संचालकको २ प्रति फोटो।

ग) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा कम्तीमा १० वर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

घ) सम्बन्धित बडा कार्यालयको सिफारिस।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले त्यस उपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको बार्षिक कर एवम् अन्य दस्तुरहरु लिइ व्यवसाय दर्ता गर्नेछ। गाउँसभाले पारित गरे अनुसार कर बुझाउने दायित्व व्यवसाय दर्ता गर्ने व्यक्ति, फर्म वा निजको प्रतिनिधिको हुनेछ

(३) माथि उपदफा २ बमोजिम व्यवसाय दर्ता भए पछि कार्यालयले दर्ता भएको व्यवासयको विवरण व्यवासय दर्ता कितावमा उल्लेखगरी निवेदकलाई अनुसूचि (३) को ढाँचामा व्यवसाय दर्ता प्रमाणपत्र उपलब्ध गराउने छ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय सञ्चालन गर्नु पर्ने भएमा कार्यविधिले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा बाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ । तर शाखा वा थप कारोबार स्थलको लागि लाग्ने कर एकमुष्ट तिरी विभिन्न स्थानमा सञ्चालित व्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले बाधा पुयाएको मानिने छैन ।

**७) व्यवसाय नवीकरण सम्बन्धी व्यवस्थाः** (१) दफा (६) बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको चौमासिक महिना भित्र बार्षिक कर अग्रिम रुपमा तिरि प्रत्येक आर्थिक बर्षको लागि व्यवसाय नविकरण गर्नु पर्नेछ । व्यवसाय नविकरणका लागि व्यवसायिले देहायका कागजातहरू सहित अनुसूची (२) बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

(१) प्रो.को निवेदन ।

(२) व्यवसाय दर्ता प्रमाण पत्रको सक्कल।

(३) व्यवसाय संचालकको नेपाली नागरिकता/पान नं. प्रमाण पत्रको प्रतिलिपि ।

(४) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**८) व्यवसाय दर्ता तथा नविकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्थाः**

(१) व्यवसाय दर्ता/नविकरण सम्बन्धी शुल्क दस्तुर धार्चे गाउँपालिकाको राजस्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) प्रत्येक आ.व. मा व्यवसाय दर्ता/नविकरण राजश्व शुल्क दस्तुर गाउँपालिकाले पुनारावलोकन गर्न सक्नेछ ।

**९) दर्ता प्रमाणपत्रको प्रतिलिपि दिन सकिनेः**

व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महलखाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्वन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यालयको अभिलेखानुसार प्रतिलिपि दस्तुर लिइ नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सकिनेछ ।

## परिच्छेद ३

## अनुगमन तथा कारवाही

**१०) मूल्य सूची सम्बन्धी व्यवस्थाः** व्यवसायीहरूले अनिवार्य रूपमा उपभोक्ताहरूले प्रष्टसँग देख्ने गरी मूल्य सूची राखुपर्नेछ।

**११) व्यवसाय अनुगमन सम्बन्धी व्यवस्थाः**

(१) यस गाउँपालिका भित्र संचालन भएका व्यापार व्यवसायहरूलाई स्वस्थ, व्यवस्थित बनाउन **धार्चे गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका (कार्यविधि) २०७५** बमोजिम नियमित अनुगमन गरिनेछ ।

**१२) व्यवसाय दर्ता खारेज गर्न सकिनेः**

(१) यस कार्यविधि बमोजिम कर लाग्ने व्यवसाय दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अधिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(३) यस कार्यविधि बमोजिम दर्ता भएको व्यवसाय बन्द गर्न चाहेमा मनासिव कारण खोली व्यवसायीले सम्बन्धित बडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि गाउँपालिकामा सिफारिस सहित पठाउनु पर्ने छ । गाउँपालिकाले कागजात अध्ययनगरि लगत कट्टा बापत लिइने सेवा शुल्क समेत असुल गरी लगत कट्टा गरिदिनु पर्ने छ ।

(५) प्रचलित कानून विपरित कारोबार गरेमा वा पेशा व्यवसाय सञ्चालन गरेमा र व्यवसाय सञ्चालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलघंन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह असुल गर्नेछ ।

(६) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(७) यस दफा अन्तर्गतको उपदफा ५ बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्द व्यवसायीको नामा गाउँपालिकामा ३ वर्षसम्म कुनै पनि व्यवसाय दर्ता गरी सञ्चालन गर्न नपाउने व्यबस्था गर्न सकिनेछ । साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ ।

**१३) कारबाही र जरिवाना सम्बन्धी व्यवस्थाः**

१. कार्यविधिले तोकिएको समय भित्र कर नबुझाएमा, कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि सम्बन्धित आर्थिक बर्षको अन्तसम्मको लागि लाग्ने करमा २५ प्रतिशत जरिवाना लिइ असुल उपर गरिनेछ ।

२. एक आर्थिक वर्ष समाप्त भए पछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको बार्षिक ५० प्रतिशतका दरले जरिवाना लगाइ कर तथा जरिवाना रकम असुल उपर गरिनेछ । (कृषि र पशु व्यवसायको हकमा वार्षिक ऐन अनुसार हुनेछ।

३. व्यवसाय तथा बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना गरिनेछ।

| | |
|---|---|
| क) मूल्य सूची नराखेमा | रु. ५००।- |
| ख) प्रमाणपत्र नराखेमा | रु.५००/- |
| ग) म्याद नाघेका सामग्री बेचविखन गरेमा, | रु.१५००/- |
| घ) अधिकतम खुद्रा मुल्य भन्दा बढी मूल्यमा सामग्री बेचविखन गरेमा, | रु.१५००।- |
| ड) प्रदुषित, फोहोर सामग्री बेचविखन गरेमा, | रु.१०००। |

४. उपदफा (३) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीहरूलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ।

**५. व्यवसाय दर्ता/नविकरण नगरी सञ्चालन गरेमा कारबाही हुनेः**

१. प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्र भित्र सञ्चालन गरेको पाईएमा बडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नका लागि पत्राचार गर्नु पर्नेछ ।

२ . उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको ३५ दिन भित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्वन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै

किसिमका सेवा सुविधाहरु बन्द गर्न सक्नेछ । साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा. सुविधाहरु बन्द गर्न सकिनेछ ।

३. उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिना भित्र पनि ब्यवासय दर्ता नविकरण नगरी व्यवसाय सञ्चालन गरेमा सम्वन्धित कार्यालयले कर तिर्न अटेर गर्ने ब्यवसायीको व्यवसाय बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

## परिच्चछेद ४
## विविध

**१४. कार्यालयले विवरण माग गर्न र निर्देशन दिन सक्ने**

१. कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप बिवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तब्य सम्वन्धित ब्यवसायीको हुनेछ ।

२. उपदफा (१) बमोजिम बिवरण उपलब्ध नगराएमा कार्यालयले सम्वन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

३. यस कार्यविधि बमोजिम दर्ता भएका पेशा, व्यवसाय सञ्चालन गर्दा सामाजिक सदाचार कायम राखु पर्नेछ

४. यस सम्वन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित ब्यवसायीको हुनेछ ।

**१५. बाधा अड्काउ सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने गाउँ कार्यपालिकाले आवश्यक्ता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्ने छ।

(२) प्रचलित ऐन, नियम र यस कार्यविधिको मूलभूत कुरालाई असर पर्ने गरी माथि (१) बमोजिमको बाधा फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

**१५. विशेष व्यवस्थाः** माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भए तापनि प्रदेश कानून नबनुन्जेल समेम वा गाउँपालिकाले बनाएको अर्को कानूनले ऐन,खारेज नगरेसम्म यो कार्यविधिमा भएको व्यवस्था पुर्ण रुपमा सत्रिय रहने छ।

**अनुसूची-१**

**(दफा ६ उपदफा १ सँग सम्बन्धित)**

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
धार्चे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय माछीखोला, गोरखा।

**विषयः व्यवसाय दर्ता सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा मैले हामीले निम्न स्थानमा संचालन गर्न लागेको व्यवसाय दर्ता गर्न/संचालन गरेको व्यवसाय नवीकरण गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं। नियमानुसार लाग्ने कर बुझाउनुको साथै गाउँपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालना गर्न मञ्जुर छु/छौ। साथै मैले हामीले पेश गरेको कागजात तथा बिबरणहरू ठीक साचों रहेको र फरक परे कानुन बमोजिम कारबाही भएमा मञ्जुर छु/छौं।

**१. व्यवसायीको नामथरः.......................................**

**२. व्यवसायीको स्थायी ठेगानाः**

जिल्लाः.....................न.पा./गा.पा.:...........................वडा नं.: ......... टोलः.............

**३. व्यवसायीको पिता/पतिको नामथरः...................................**

**४. व्यवसाय संचालन हुने स्थानः**

जिल्लाः ................न.पा./गा.पा.....................वडा नं.:......... टोलः..............

**५. सम्पर्क नं..................... इमेलः.....................................**

**६. व्यवसाय रहने जग्गाको जग्गा धनीको नामः............................**

**७. जग्गा धनीको ठेगाना**

जिल्लाः..................न.पा./गा.पा...................वडा नं.:...........टोलः.....................

**८. व्यवसायको प्रकृतिः..................**

**९. लगानी पूँजी रु...................**

**१०. व्यवसायको नामः...............**

**११. अन्यत्र दर्ता भएको भए दर्ता नं..................................**/कार्यालयः.........

**आवश्यक संलग्न कागजातहरूः**

क) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।

ख) व्यवसाय संचालकको २ प्रति फोटो।

ग) व्यवसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा कम्तीमा १० वर्ष लिजमा लिएको खुल्ने सक्कल कागज।

घ) व्यवसाय दर्ता शुल्क तिरेको रसिद/कैंक भोचर

ङ) चालु आ.व.मा मालपोत तिरेको रसिदको प्रतिलिपी।

च) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

**निवेदक दस्तखत**

अनुसूची-२

(दफा ७ उपदफा १ सँग सम्बन्धित)

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

धार्चे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

माछीखोला, गोरखा ।

**विषयः व्यवसाय नवीकरण सम्बन्धमा ।**

प्रस्तुत सम्बन्धमा मैले/हामीले निम्न स्थानमा संचालन गर्न लागेको व्यवसाय दर्ता गर्न आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु आएका छौं। नियमानुसार लाग्ने कर बुझाउनुको साथै गाउँपालिकाबाट समय-समयमा दिइने आदेश/निर्देशन समेत पालना गर्न मञ्जुर छु/छौं। साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरू ठीक साचौं रहेको र फरक परे कानून बमोजिम कारवाही भएमा मञ्जुर छु/छौं।

**१. व्यवसायीको नामथरः.......................................**

**२. व्यवसायीको स्थायी ठेगानाः**

जिल्लाः.....................न.पा./गा.पा.:...........................वडा नं.: ......... टोलः.............

**३. व्यवसायीको पिता/पतिको नामथरः..................................**

**४. व्यवसाय संचालन हुने स्थानः**

जिल्लाः ................न.पा./गा.पा.....................वडा नं.:......... टोलः..............

**५. सम्पर्क नं..................... इमेलः......................................**

**६. व्यवसाय रहने जग्गाको जग्गा धनीको नामः............................**

**७. जग्गा धनीको ठेगाना**

जिल्लाः..................न.पा./गा.पा...................वडा नं.:...........टोलः.....................

**८. व्यवसायको प्रकृतिः...................**

**९. लगानी पूँजी रु...................**

**१०. व्यवसायको नामः................**

**११. अन्यत्र दर्ता भएको भए दर्ता नं..................................**/कार्यालयः.........

**संलग्न कागजातहरूः**

(१) प्रो.को निवेदन

(२) व्यवसाय दर्ता प्रमाण पत्रको सक्कल ।

(३) व्यवसाय संचालकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।

(४) व्यवसाय नवीकरण तिरेको रसिद

(५) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

निवेदकको दस्तखत

अनुसूची ३

(दफा ६ उपदफा ३ सँग सम्बन्धित)

# धार्चे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल ।

## व्यवसाय दर्ता प्रमाण-पत्र

प्रमाण पत्र नं...... दर्ता मिति..............

**........................जिल्ला...............गा.पा/न.पा.वडानं... बस्ने श्री...............................................लाई व्यवसाय दर्ता तथा नविकरण सम्बन्धित कार्यविध २०७६ को बमोजिम निजको नाममा निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाणपत्र जारी गरिएको छ।**

**व्यवसायको नाम :......................**

**व्यवसायीको ना.प्र.नं.:........ जारी गर्ने जिल्ला :................. जारी मितिः...................**

**व्यवसाय संचालन भएको वा हुने मिति.......................................................**

**व्यवसाय रहने स्थान :...........................................................................**

**वाटोको नाम :........................घर नं. :....................टोल :..................**

**व्यवसाय रहने घर जग्गाधनीको नाम श्री.....................................................**

**व्यवसायको प्रकृति :................................................**

**पूँजी लगानी (रु.मा) :..................................................**

**व्यवसायको वर्गिकरण :................................................**

**व्यवसायका कारोबारहरूः...................................................**

**................ .................. ...........**

**संचालक तयार गर्ने जारी गर्ने**

१. व्यवसायीले प्रत्येक आर्थिक वर्षको लागि तोकिएको व्यवसाय कर उक्त आ.ब. को असोज महिना भित्र बुझाई प्रमाणपत्र नवीकरण गर्नुपर्नेछ। गाउँपालिकाको स्थलगत रूपमा व्यवसाय कर टोली खटाइएको अवस्थामा व्यवसायको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नवीकरण गर्न सकिनेछ ।

२. व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ।

३. व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले गाउँपालिकाको सम्बन्धित बडा कार्यालयको सिफारिसमा कर इकाईबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रूपमा लिनुपर्नेछ। अन्यथा व्यवसाय चालु नै रहेको मानी सालवसाली रूपमा कर लाग्नेछ।

४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखु पर्नेछ। यस्तो प्रमाणपत्र गाउँपालिकाको कर्मचारीहरूले हेर्न चाहेको बखतमा तुरून्त देखाउनु पर्नेछ।

५. व्यवसायिक गतिविधि संचालन गर्दा बाल श्रमिकहरू प्रयोग गर्न पाइने छैन। यदि सो गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

६. व्यवसायबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायी स्वयंको हुनेछ।

७. व्यवसाय संचालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

८. उल्लेखित शर्तनामाहरू पालना नगरेमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्दको कारवाही समेत गर्न सक्नेछ ।

९. यो प्रमाणपत्र गाउँपालिकाको स्थानीय कर प्रयोजनको लागि जारी गरिएको हो। कुनै पेशा वा व्यवसाय प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र संचालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र संचालनमा गर्नु पर्नेछ ।

| नविकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधि | नविकरण दस्तुर | नविकरण गर्नेको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**नविकरण सम्बन्धित विवरण**

आज्ञाले

बुद्धिराम बस्नेत

प्रमुख प्रशासकीय अधिकृत

धार्चे गाउँपालिका